# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०२।१४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जुम्ला जिल्ला, तिला गाउँपालिकाका नाग्मा पार्क उद्यान निर्माणमा कम काम गरी प्राविधिकसँग मिलि कार्य सम्पादन मूल्याङ्कन पुरा भएको देखाई उपभोक्ता समिति र प्राविधिकहरु मिलि बिल भरपाई बनाई अनुगमन गर्न लगाई सरकारी रकमको चरम दुरुपयोग गरेकाले आवश्यक छानविन गरी कारवाही गरी पाऊँ भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जुम्ला जिल्ला, तिला गाउँपालिकाका तत्कालीन **निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिश्चन्द्र नेपाली सार्की, इन्जिनियर जनक रोकाय, सव-इन्जिनियर प्रेम बहादुर बस्नेत**ले आ.व. २०७५/०७६ को तिला गाउपालिका वडा नं. १ स्थित नाग्मा पार्क उद्यान निर्माण योजनामा स्वीकृत गरेको लागत अनुमान बमोजिम कार्य नभएको, स्थलगत गई नाप जाँच गरी कम काम भए गरेको कार्यलाई बढी गरेको भनी प्राविधिक मूल्याङ्कनसहितको नापी किताव तयार गरी कार्य सम्पन्न प्रतिवेदन समेत दिई भुक्तानीको लागि सिफारिस गरेकोमा सोहीवमोजिम भुक्तानीको टिप्पणी र आदेश भई रु.५,४५,४१९।२४ उपभोक्ता समितिलाई भुक्तानी दिएको देखिँदा निजहरु हरिश्चन्द्र नेपाली सार्की, जनक रोकाय र प्रेम बहादुर बस्नेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको हुँदा निजहरुलाई बिगो रु.५,४५,४१९।२४ (पाँच लाख पैंतालीस हजार चार सय उन्नाइस रुपैयाँ चौबीस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी निजहरुबाट बिगो असुल उपर हुन। साथै, निजहरु हरिश्चन्द्र नेपाली सार्की, जनक रोकाय र प्रेम बहादुर बस्नेतले आफैले तयार गरेको इष्टिमेटको प्रतिकूल हुने गरी गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरी सोहीको आधारमा भुक्तानी सदर तथा भुक्तानीको लागि पेश गरी सोही प्रतिवेदनको आधारमा भुक्तानीसमेत गरेको देखिँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानासमेतको सजाय हुन मागदावी लिने ।

साथै, **नाग्मा पार्क तथा उद्यान निर्माण उपभोक्ता समितिका अध्यक्ष नन्द बहादुर बुढा, सचिव अर्जुन बुढा र कोषाध्यक्ष दिलधरा दमाई**ले नाग्मा पार्क तथा उद्यान निर्माणको लागि तिला गाउँपालिका र उपभोक्ता समितिका वीच आ.व. २०७५/०७६ को तिला गाउँपालिका वडा नं. १ स्थित नाग्मा पार्क उद्यान निर्माण सम्पन्न गर्ने गरी योजनाको सम्झौता पत्रमा सहीछाप गरी कार्य सुरु गरी निर्माण कार्य सम्पन्न भएको भनी उपभोक्ता समितिले कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई, डोरहाजिरी लगायतका कागजात पेश गरेको तर शर्त एवं सम्झौताविपरीत सम्झौताबमोजिमको कार्य नगरी भए गरेको कार्यभन्दा बढी कार्य गरेको भनी बढी मूल्याङ्कन गरी गराई निजहरुले जम्मा रु.५,४५,४१९।२४ बढी भुक्तानी लिएको देखिँदा निजहरु नन्द बहादुर बुढा, अर्जुन बुढा र दिलधरा दमाईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको हुँदा निजहरुलाई बिगो रु.५,४५,४१९।२४ (पाँच लाख पैंतालीस हजार चार सय उन्नाइस रुपैयाँ चौबीस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल